संघीय प्रोवेशन तथा प्यारोल बोर्डबाट स्वीकृत मितिः २०८०।१२।२१

# कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८०

प्रस्तावनाः फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (ख) तथा खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी संघीय प्रोवेशन तथा प्यारोल बोर्डले प्रस्तुत "कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नु पर्ने शर्तहरु, २०८०" तर्जुमा गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी मापदण्ड तथा शर्तहरुको नाम "**कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरु, २०८०**" रहेको छ।

(२) यी मापदण्ड तथा शर्तहरु संघीय प्रोवेशन तथा प्यारोल बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) "ऐन" भन्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कैदी" भन्नाले अदालतको फैसला बमोजिम सजाय पाई कारागारमा रहेको व्यक्ति सम्झनु पर्छ।

(ग) "प्रकरण" भन्नाले यस मापदण्ड तथा शर्तहरुको प्रकरणलाई सम्झनु पर्छ।

## परिच्छेद - २
## सिफारिस सम्बन्धी मापदण्ड

३. सुधार गृहमा पठाउनको लागि सिफारिस गर्ने मापदण्डः (१) प्रोवेशन अधिकृतले देहायको मापदण्डको आधारमा दुई वर्ष वा दुई वर्ष भन्दा कम कैदको सजाय भएको कसूरदारलाई ऐनको दफा २५ को उपदफा (२) को अधीनमा रही सोही दफाको उपदफा (१) बमोजिम सुधार गृहमा पठाउनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः—

(क) सुधार गृहमा पठाउँदा पालना गर्नु पर्ने शर्त तथा अवस्थाहरु पालना गर्ने विश्वसनीय आधार रहेको र त्यस्ता शर्त पालना गर्न कसूरदारले लिखित रुपमा मञ्जुरी गरेको,

(ख) पहिलो पटक कसूर गरेको,

(ग) कसूर गर्ने नियत नभई तत्काल आवेशमा आई कसूर गरेको,

(घ) कसूर गर्नु अघिको कसूरदारको चालचलन तथा आचरण असल भएको,

(ङ) कसूर गरेकोमा पश्चाताप गरेको,

(च) पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने अनुभूति गरेको,
(छ) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,
(ज) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिईसकेको वा तत्काल दिन मञ्जुर गरेको,
(झ) सुधार गृहमा राखेर चालचलनमा सुधार गर्नु पर्ने अवस्था रहेको र चालचलनमा सुधार हुने संभावना रहेको, वा
(ञ) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरु विद्यमान भएको।

(२) बाल सुधार गृहमा पठाउँदा उपप्रकरण (१) बमोजिम पालना गर्नु पर्ने शर्तहरु कानूनको विवादमा परेका बालबालिकाले पालना गर्ने लिखित रुपमा मन्जुर गरेमा अठार वर्ष उमेर पूरा नगरेको कानूनको विवादमा परेका बालबालिकाले उपदफा (१) बमोजिम प्रोवेशन अधिकृतले बाल सुधार गृहमा पठाउनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछ।

(३) ऐन बमोजिम एक पटक सुधार गृहमा पठाइएकोमा चालचलनमा सुधार नभएको वा पालना गर्नु पर्ने शर्तको पालना नगरेको कारण कारागारमा कैद अवधि भुक्तान गर्न फिर्ता ल्याइएको कसूरदारलाई प्रोवेशन अधिकृतबाट यस मापदण्ड तथा शर्तहरु बमोजिम सुधार गृहमा पठाउन सिफारिस गरिने छैन।

४. **पुनर्स्थापना केन्द्रमा पठाउनको लागि सिफारिश गर्ने मापदण्ड:** (१) प्रोवेशन अधिकृतले देहायका मापदण्डको आधारमा ऐनको दफा २६ को उपदफा (२) को अधीनमा रही सोही दफाको उपदफा (१) बमोजिम कसूरदारलाई पुनस्थापना केन्द्रमा पठाउनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः-
(क) लागू औषधको सेवनको कसूरदार वा शारीरिक वा मानसिक दुर्बलताबाट पीडित कसूरदार वा अन्य यस्तै कसूरदार वा प्रचलित कानून बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन उपयुक्त देखिएको १८ वर्ष भन्दा कम उमेरको कानूनको विवादमा परेका बालबालिका,
(ख) पुनर्स्थापना केन्द्रमा पठाउँदा पालना गर्नु पर्ने शर्त तथा अवस्थाहरु पालना गर्ने विश्वसनीय आधार रहेको र त्यस्ता शर्त पालना गर्न कसूरदारले लिखित रुपमा मञ्जुरी गरेको,
(ग) पहिलोपटक कसूर गरेको,
(घ) कसूर गर्ने नियत नभई तत्काल आवेशमा आई वा अरुको दवाव, उक्साहट वा बहकाउमा आई कसूर गरेको,
(ङ) कसूर गर्नु अघिको कसूरदारको चालचलन तथा आचरण असल भएको,
(च) त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,
(छ) पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने अनुभूति गरेको,
(ज) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,
(झ) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिईसकेको वा तत्काल दिन मञ्जुर गरेको,
(ञ) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरु विद्यमान भएको।

५. **प्यारोलमा राख्नको लागि सिफारिश गर्ने मापदण्ड:** (१) प्रोवेशन तथा प्यारोल बोर्डले एक वर्ष भन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसूरदारलाई देहायका आधारमा ऐनको दफा २९ को उपदफा (१) बमोजिम प्यारोलमा राख्ने आदेश दिनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः-

(क) ऐन बमोजिम भुक्तानी गर्नु पर्ने न्यूनतम कैद अवधि भुक्तान गरिसकेको,

(ख) प्यारोलमा रहन चाहने व्यक्तिको चालचलन तथा आचरण राम्रो भएको भनी सम्बन्धित प्यारोल अधिकृतबाट सिफरिस भएको,

(ग) अनुसन्धान तथा अभियोजनको क्रममा कसूरदारले नियतवश वा योजनावद्ध रुपमा कसूर गरेको अवस्था नरहेको,

(घ) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरु विद्यामान भएको,

(ङ) कसूरदारलाई प्यारोलमा छाड्दा समाज वा समुदाय झन भयभित हुन सक्ने वा समाज वा समुदायलाई थप खतरा हुन सक्ने अवस्था नदेखिएको,

(च) प्यारोलमा बस्दा नियमित रुपमा प्यारोल अधिकृतको सम्पर्कमा रहन मञ्जुर गरेको,

(छ) प्रोवेशन तथा प्यारोल बोर्डले निर्धारण गरेको कसूरदारले पालना गर्नुपर्ने शर्तहरु पालना गर्न मञ्जुर गरेको,

(ज) पटके कसूरदार नरहेको,

(झ) कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध भई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गरेको तथा सजायको उद्देश्य प्राप्त हुनमा बाधा पर्ने अवस्था नरहेको,

(ञ) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,

(ट) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिईसकेको वा तत्काल दिन मञ्जुर गरेको,

(ठ) समय समयमा प्रोवेशन तथा प्यारोल बोर्डबाट निर्धारण गरे बमोजिमका अन्य मापदण्डको आधारमा प्यारोलमा राख्न उपयुक्त देखिएको र

(ड) कारागारमा कैद भुक्तान गरिरहेको अवस्थामा कारागारको शान्ति सुरक्षामा खलल पुर्याउने, हिंसात्मक झडप, गुटवन्दी जस्ता कार्यमा संलग्न भई आन्तरिक कारवाही नभएको।

(२) उप प्रकरण (१) बमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्नको लागि सिफारिस गर्दा ऐनको दफा २९ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्यारोलमा राख्न नसकिने कसूरमा सजाय पाएको व्यक्ति र एक पटक प्यारोलमा राख्न सिफारिस गरेकोमा प्यारोलमा बस्दा पालना गर्नु पर्ने शर्त पालना नगरेको कारण कैदमा राखिएका कसूरदारलाई प्यारोलमा राख्न सिफारिस गरिने छैन।

(३) यस प्रकरण बमोजिम प्यारोल राख्ने सिफारिस गर्दा उपप्रकरण (१) बमोजिम निर्धारित मापदण्ड पालना गर्ने गरी कानूनले लिखित रुपमा मञ्जुर गरेको हुनु पर्नेछ।

(४) उपप्रकरण(१) बमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्नको लागि सिफारिस गर्दा त्यस्तो कसूरदारलाई प्यारोलमा रहँदाको अवस्थामा प्यारोल अधिकृतबाट गरिने अनुगमनको विषयमा समेत विचार गरी सिफारिस गर्नु पर्नेछ।

६. **प्रोवेशनमा राख्ने आदेश दिनको लागि सिफारिश गर्ने मापदण्डः** (१) प्रोवेशन तथा प्यारोल बोर्डले देहायका आधारमा ऐन बमोजिम कसूरको अभियोग लागेको व्यक्तिलाई प्रोवेशनमा राख्ने आदेश दिनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः-

(क) पहिलो पटक कसूर गरेको,

(ख) सजायपूर्वको प्रतिवेदन तयार गर्न अदालतले आदेश दिएकोमा उक्त प्रतिवेदनबाट प्रोवेशनमा रहन चाहने व्यक्तिको चालचलन तथा आचरण राम्रो देखिएको,

(ग) अनुसन्धान तथा अभियोजनको क्रममा नियतवश वा योजनावद्ध रुपमा कसूर गरेको अवस्था नदेखिएको,

(घ) त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,

(ङ) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,

(च) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरु विद्यमान भएको,

(छ) प्रोवेशनमा छाड्दा समाज वा समुदायलाई थप खतरा हुन सक्ने अवस्था नदेखिएको,

(ज) प्रोवेशनमा रहदा नियमित रुपमा प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको सम्पर्कमा रहन मञ्जुर गरेको,

(झ) प्रोवेशन तथा प्यारोल बोर्डले निर्धारण गरेका अभियुक्तले पालना गर्नुपर्ने शर्तहरु पालना गर्न मन्जुर गरेको,

(ञ) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिइसकेको वा तत्काल दिन मञ्जुर गरेको र

(ट) समय समयमा प्रोवेशन तथा प्यारोल बोर्डबाट निर्धारण गरिए बमोजिमका अन्य मापदण्डको आधारमा प्रोवेशनमा राख्न उपयुक्त देखिएको।

(२) उप प्रकरण (१) बमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्नको लागि सिफारिस गर्दा ऐनको दफा २९ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्यारोलमा राख्न नसकिने कसूरमा सजाय पाएको व्यक्ति र एक पटक प्यारोलमा राख्न सिफारिस गरेकोमा प्यारोलमा बस्दा पालना गर्नु पर्ने शर्त पालना नगरेको कारण कैदमा राखिएका कसूरदारलाई प्यारोलमा राख्न सिफारिस गरिने छैन।

(३) यस प्रकरण बमोजिम प्यारोल राख्ने सिफारिस गर्दा उपप्रकरण (१) बमोजिम निर्धारित मापदण्ड पालना गर्ने गरी कानूनले लिखित रुपमा मञ्जुर गरेको हुनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गम्भीर कसूर वा जघन्य कसूर गरेको आरोप लागेको व्यक्ति, फरार रहेको अभियुक्त, कुनै एक कसूरमा सजाय पाएपछि पुनः कसूर गरेको अभियोग लागेको व्यक्ति र प्रचलित कानून बमोजिम कैद सजाय निलम्बन हुन नसक्ने कसूरको अभियोग लागेको व्यक्तिलाई प्रोवेशनमा राख्नको लागि सिफारिस गरिने छैन।

परिच्छेद - ३

## प्यारोल तथा प्रोवेशनमा रहदा पालना गर्नु पर्ने शर्तहरु

७. सुधार गृहमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरुः सुधार गृहमा रहने कसूरदारले देहायका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) अदालतले निर्धारण गरे बमोजिमका शर्तहरु,

(ख) सुधार गृहमा बस्दा पालना गर्नु पर्ने सो सुधार गृहबाट निर्धारण गरिएका शर्त तथा नियमहरु,

(ग) अन्य कुनै मुद्दाको विषयमा बयान गर्नुपर्ने वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सोको जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउने,

(घ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशन,

(ङ) प्रचलित नेपाल कानून तथा कानून अनुसार जारी भएका निर्देशन,

(च) अनावश्यक रुपमा चक्कु, छुरी, हँसिया वा यस्तै प्रकारका अन्य धारिला औजार साथमा राख्न नपाइने । तर भान्सा कोठामा प्रयोग हुने त्यस प्रकारका धारिला औजार राख्न यस मापदण्डको व्यवस्थाले वाधा पार्ने छैन ।

(छ) कुनै हतियार प्राप्त गर्न, प्रयोग गर्न वा सो को पहुँच प्राप्त गर्न नहुने,

(ज) सुधार गृह भन्दा अन्यत्र जान नपाईने तर कुनै जरुरी काम विशेषले सुधार गृह भन्दा बाहिर जानु पर्दा सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतबाट स्वीकृती लिएको हुनु पर्नेछ,

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले निर्धारण गरे बमोजिम नियमित रुपमा सम्पर्कमा रहनु पर्ने,

(ञ) समय समयमा प्रोवेशन अधिकृतबाट हुने अनुगमन तथा निरीक्षणमा सहयोग गर्नु पर्ने,

(ट) सुधार गृहमा रहेका अन्य व्यक्ति तथा सुधार गृहका कर्मचारी प्रति उचित र मर्यादित व्यवहार गर्नु पर्ने,

(ठ) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरु ।

८. <u>**पुनर्स्थापना केन्द्रमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरुः**</u> कसूरदारले पुनर्स्थापना केन्द्रमा रहँदा देहायका शर्तहरुको पालना गर्नु पर्नेछ :-

(क) अदालतले निर्धारण गरे बमोजिमका शर्तहरु,

(ख) पुनर्स्थापना केन्द्रमा बस्दा पालना गर्नु पर्ने सो केन्द्रका शर्त तथा नियमहरु,

(ग) अन्य मुद्दाका कुनै मुद्दामा बयान गर्नु पर्ने भएमा वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सो को जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउने,

(घ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशन,

(ङ) प्रचलित नेपाल कानून तथा कानून अनुसार जारी भएका निर्देशन,

(च) अनावश्यक रुपमा चक्कु, छुरी, हँसिया वा यस्तै प्रकारका अन्य धारिला औजार साथमा नराख्ने पाईने । तर भान्सा कोठामा प्रयोग हुने त्यस प्रकारका धारिला औजार राख्न मापदण्डको व्यवस्थाले वाधा पर्ने छैन ।

(छ) कुनै हतियार प्राप्त गर्न, प्रयोग गर्न वा सो को पहुँच प्राप्त गर्न हुदैन,

(ज)सम्बन्धित प्रोवेशन तथा प्यारोल अधिकृतको स्वीकृति वेगर पुनर्स्थापना केन्द्र भन्दा अन्यत्र जान नपाइने ।

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले निर्धारण गरे बमोजिम नियमित रुपमा सम्पर्कमा रहने,

(ञ) समय समयमा प्रोवेशन अधिकृतबाट हुने अनुगमन तथा निरीक्षणमा सहयोग गर्ने,

(ट) पुनस्र्थापना केन्द्रमा रहेका अन्य व्यक्ति तथा सो केन्द्रका कर्मचारी प्रति उचित र मर्यादित व्यवहार गर्ने,

(ठ) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरु ।

९. **प्रोवेशनमा छुट्ने व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु:** प्रावेशनमा छुट्ने व्यक्तिले देहायका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) प्रचलित नेपाल कानून र कानून बमोजिम पालना गर्नु पर्ने शर्तहरु तथा मापदण्डको पालना गर्नु पर्ने,

(ख) अदालत, सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतले खोजेको समयमा उपस्थित हुनु पर्ने,

(ग) कसूरबाट पीडितप्रति नम्र व्यवहार गर्ने, पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिने वा उपचार गराउनु पर्ने भएमा उपचार गराउने,

(घ) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतको नियमित रुपमा सम्पर्कमा रहने,

(ङ) आफू बसोबास गर्ने स्थानको ठेगाना तथा सम्पर्क नम्बर प्रोवेशन वा प्यारोल अधिकृतलाई उपलब्ध गराउने तथा अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतको अनुमति नलिई आफू बसोबास गरेको स्थान भन्दा अन्यत्र नजाने,

(च) प्रोवेशनमा रहेको व्यक्तिको काम गर्ने स्थान परिवर्तन भएमा त्यसको जानकारी तुरुन्त सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतलाई दिनु पर्ने,

(छ) प्रोवेशन वा प्यारोल बोर्डनले समय समयमा निर्धारण गरेका शर्तको पलाना गर्ने,

(ज) मुद्दाको विषयमा कुनै कुरा राख्नु पर्ने भएमा वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सो को जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउनु पर्ने,

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशनको पलाना गर्ने,

(ञ) अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतलाई पूर्व जानकारी नगराई आफू बसोबास गरेको वा काम गरेको कार्यस्थलबाट पाँच किलोमिटर भन्दा टाढा नजाने,

(ट) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतको स्वीकृति वेगर आफू रहेको जिल्ला भन्दा अन्य जिल्लामा भ्रमण नगर्ने,

(ठ) आफ्नो साथमा हातहतियार राख्ने वा सो लिएर नहिड्ने र

(ड) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरु ।

१०. **प्यारोलमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरु:** प्यारोलमा रहने कसूरदारले देहायका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) प्रचलित नेपाल कानून र कानून बमोजिम पालना गर्नु पर्ने शर्तहरु तथा मापदण्डको पालना गर्नु पर्ने,

(ख) अदालत, सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतले खोजेको समयमा उपस्थित हुनु पर्ने,

(ग) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतसँग नियमित रुपमा सम्पर्कमा रहनु पर्ने,

(घ) आफू बसोबास गर्ने स्थानको ठेगाना तथा सम्पर्क नम्बर प्रोवेशन वा प्यारोल अधिकृतलाई उपलब्ध गराउनु पर्ने,

(ङ) आफू बसोबास गर्ने स्थानको ठेगाना तथा सम्पर्क नम्बर प्रोवेशन वा प्यारोल अधिकृतलाई उपलब्ध गराउने तथा अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतको अनुमति नलिई आफू बसोबास गरेको स्थान भन्दा अन्यत्र नजाने,

(च) प्यारोलमा रहेको व्यक्तिको काम गर्ने स्थान परिवर्तन भएमा त्यसको जानकारी तुरुन्त सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतलाई दिनु पर्ने,
(छ) प्रोवेशन तथा प्यारोल बोर्डनले समय समयमा निर्णय गरी निर्धारण गरेका शर्तको पलाना गर्ने,
(ज) मुद्दाको विषयमा कुनै कुरा राख्नु पर्ने भएमा वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सो को जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउनु पर्ने,
(झ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशनको पलाना गर्ने,
(ञ) अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतलाई पूर्व जानकारी नगराई आफू बसोबास गरेको वा काम गरेको कार्यस्थलबाट पाँच किलोमिटर भन्दा टाढा नजाने,
(ट) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतको स्वीकृति वेगर आफू रहेको जिल्ला भन्दा अन्य जिल्लामा भ्रमण नगर्ने,
(ठ) आफ्नो साथमा हातहतियार राख्ने वा सो लिएर नहिड्ने र
(ड) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरु ।

परिच्छेद - ४

## विविध

११. **प्यारोलमा रहने कसूरदारले गर्न सक्ने कार्य :-** प्यारोलमा रहने कसूरदारले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ:-
(क) पारिवारिक कार्य,
(ख) क्षमता, सीप विकास सम्वन्धी तालिम वा प्रशिक्षण सम्वन्धी कार्य,
(ग) सार्वजनिक निकाय वा सहयोगी संस्थामा स्वयंसेवक सम्वन्धी कार्य,
(घ) सार्वजनिक निकायमा विकास निर्माणका कार्यमा सहयोग,
(ङ) खेलकूद, प्रशिक्षण सम्वन्धी कार्य वा
(च) अस्पताल, पुनस्थापना केन्द्र, अनाथालयहरुमा स्वयंसेवा सम्वन्धी कार्य
(छ) व्यक्तिगत लाभ नलिई प्रचलित कानूनले निषेध गरेका सामाजिक तथा अन्य परोपकारी कार्य ।

१२. **प्यारोलमा पठाउने सम्बन्धी कार्यविधि:** (१) कसूरदारले सम्बन्धित कारागार मार्फत प्रोवेशन वा प्यारोलमा बस्नका लागि देहाय बमोजिमका कागजातहरु सहित संघीय/प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसका लागि अनुसूची बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।
(क) कारागार प्रशासक (जेलर) बाट असल आचरणका सम्वन्धमा सिफारिस गरिएको कागजात,
(ख) ऐनको दफा २९ को उपदफा (१) बमोजिम कैद भुक्तान भएको अवधि,
(ग) कसूरदारले जरिवाना, विगो, क्षतिपूर्ति भुक्तान गरेको खुल्ने निस्सा वा विवरण,

(घ) प्यारोलमा रहन आफू शारीरिक र मानसिक रुपमा तयार रहेको भनी कसूरदारले दिएको निवेदन,

(ङ) यस मापदण्ड तथा शर्तहरु बमोजिम निर्धारित मापदण्ड तथा शर्तहरु पालना गर्न मञ्जुर रहेको लिखित प्रतिवद्धता,

(च) कसूरदार आफु बसोबास गर्ने जिल्ला वा कारागार रहेको जिल्ला मध्ये जुन कारागारमा बस्न चाहेको हो उक्त स्थान खुलेको व्यहोरा ।

(२) संघीय/प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डले प्राप्त निवेदन तथा संलग्न कागजातको अध्ययन गरी निवेदक कसूरदारलाई प्यारोलमा पठाउन उपयुक्त लागेमा सम्बन्धित जिल्ला अदालत समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएमा सम्बन्धित जिल्ला अदालतले प्राप्त निवेदन तथा संलग्न कागजातका आधारमा निज कसूरदारलाई प्यारोलमा राख्न सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्ड मार्फत सम्बन्धित कारागार कार्यालयलाई आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्यारोलमा राख्ने आदेश प्राप्त भएमा ऐनको दफा २९ को उपदफा (२) बमोजिमका शर्तहरु तोकी जमानी वा सुरक्षण लिई वा नलिई सम्बन्धित कारागारले निज कसूरदारलाई प्यारोलमा राख्नेछ ।

१३. **अनुगमन तथा निरीक्षण सम्बन्धी मापदण्ड:** (१) प्रोवेशन वा प्यारोल अधिकृतले सम्बन्धित जिल्ला अदालतबाट कैदको सजाय भएको कसूरदारको विवरण प्राप्त गर्नु पर्नेछ ।

(२) प्रोवेशन वा प्यारोल अधिकृतले प्रोवेशन वा प्यारोलमा रहेका कसूरदारको सम्बन्धित अदालतबाट आदेश भए बमोजिम तोकिएका शर्तहरुको पालना भए नभएको तथा चालचलनमा सुधार भए नभएको सम्बन्धमा सुक्ष्म अनुगमन गरी मासिक रुपमा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) प्रचलित कानून बमोजिम कैद सजाय भुक्तान गरिरहेका कसूरदारहरुको अभिलेख प्रोवेशन वा प्यारोल अधिकृतले तयार गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम प्रोवेशन वा प्यारोल अधिकृतले तयार गरेको अनुगमन प्रतिवेदन तथा कसूरदारको अभिलेख संघीय तथा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डलाई उपलब्ध गराउनु पर्नेछ ।

अनुसूची
(दफा १२ को उपदफा (१) सँग सम्वन्धित)
सुधार गृह/पुनर्स्थापना केन्द्र/प्रोवेशन /प्यारोलमा
बस्नका लागि कसूरदारले सिफारिस माग गर्ने निवेदनको ढाँचा

फोटो

श्री संघीय/प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड,

..............................................।

विषय :- सुधार गृह/पुनर्स्थापना केन्द्र/प्रोवेशन तथा प्यारोलमा बस्ने सिफारिस पाउँ।

म निवेदक देहाय बमोजिमको विवरण तथा संलग्न कागजात सहित सुधार गृह/पुनर्स्थापना केन्द्र/प्रोवेशन/प्यारोलमा (बसोबास गरेको जिल्ला वा कारागार रहेको जिल्ला) बस्न पाउँनका लागि ..........................जिल्ला अदालत समक्ष सिफारिस गरिपाउन सादर अनुरोध गर्दछु।

१. निवेदकको पूरा नाम, थर र ठेगाना:-
२. मुद्दा :-
३. वादीको नाम, थर ठेगाना :-
४. प्रतिवादीहरु को नाम, थर र ठेगाना :-
५. मुद्दा फैसला गर्ने अदालत :-
६. कसूर ठहर भई तोकिएको सजाय :-
७. वादी नेपाल सरकारको पुनरावेदन कारवाही सम्बन्धी विवरण :-
८. प्रतिवादीहरु को पुनरावेदन कारवाही सम्बन्धी विवरण:-
९. हालसम्म भुक्तान गरेको सजाय :-
१०. सुधार गृह/पुनर्स्थापना केन्द्र/प्रोवेशन/प्यारोलमा बस्न दिनुपर्ने आधार र औचित्य :-
११. कैदिलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरु यस बमोजिम निर्धारित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु।
१२. कसूरदार तथा कैदीको स्वघोषणा :- सुधार गृह/पुनर्स्थापना केन्द्र/ प्रोवेशन/प्यारोलमा रहँदा कुनै पनि किसिमको कसूरजन्य क्रियाकलापमा संलग्न हुने छैन। कुनै कसूरमा संलग्न भएमा प्रोवेशन तथा प्यारोल सुविधाबाट बञ्चित भई कानून बमोजिम सजाय भोग्न तयार छु।
१३. म आफूले गरेको कसूरको लागि प्रायश्चित गर्दै क्षमायाचना गर्दछु।

१४. संलग्न कागजातहरुः

क)

ख)

ग)

घ)

निवेदक

नाम, थरः

दस्तखतः

मितिः

रोहवरः

नाम, थरः

पदः जेलर (कारागार प्रशासक)

दस्तखतः

मितिः